**सम्वत् २०८० साल असोज २३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सभाको बाह्रौं अधिवेशन मिति २०८० असोज २३ गते मङ्गलवार राती १२:०० बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८० स्वीकृत गरी प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| ३. | प्रदेश प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्ने विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रम रहेको भरतपुर महानगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि सशर्त अनुदान क्रियाकलापमा विनियोजित रु. ८ करोड बजेट प्रदेश विनियोजन ऐन, २०८० को दफा (४) को उपदफा (१३) अनुसार प्रचलित कानून, स्थापित मापदण्ड र प्रक्रिया अनुसार कार्यान्वयन गरी लेखा परीक्षण लगायतको वित्तीय दायित्व सम्बन्धित नगरपालिकाले बहन गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत एक किस्तामा सशर्त अनुदान उपलब्ध गराउने। |
| ५. | "खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ६. | "चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम (मकवानपुर, चितवन, धादिङ) सम्बन्धी कार्यविधि, २०८०" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८० साल असोज १५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ६ वटा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनहरूमा उल्लिखित "सङ्गठन संरचना तथा दरबन्दी तेरिज" स्वीकृत गर्ने। |
| २. | "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ३. | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत परराष्ट्र मन्त्रालयबाट सहमति लिई भ्रमण टोलीलाई बागमती प्रदेश भ्रमणको लागि निमन्त्रणा पठाउने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।